विगत तीन वर्षको र आगामी तीन वर्षको प्रक्षेपित प्रति शेयर आम्दानी (EPS) तथा प्रति शेयर नेटवर्थ:

विवरण	वास्तविक (रु.हजारमा) आ.व. २०७८/७९	आ.व. २०७९/८०	आ.व. २०८०/८१	आ.व २०८१/८२ पौष मसान्तको अपरिष्कृत*	प्रक्षेपित (रु.हजारमा) आ.व. २०८१/८२	आ.व. २०८२/८३	आ.व. २०८३/८४
चुक्ता पूँजी	९,८२५,८५३.११	१०,१२०,६२८.७१	१०,५००,१५२.२८	१०,५००,१५२.२८	१०,८९९,१५८.०७	१०,८९९,१५८.०७	१०,८९९,१५८.०७
सञ्चित मुनाफा	१,४५४,१५६.०१	१,०७०,५४८.१९	१,१०१,६४१.२२	१,२१०,६७५.८४	१,५७०,१०४.७१	१,३०६,८७६.६३	१,३५६,२७२.७९
जगेडा तथा कोषहरु	५,८३३,४१८.३०	७,०७५,५२२.३५	७,८५४,१४६.६४	७,९३०,३०६.६८	८,५६१,४८५.६३	१०,००३,२४५.०९	११,३५६,८६९.६१
जम्मा	१७,११३,४२७.४२	१८,२६६,६९९.२५	१९,४५५,९४०.१४	१९,६४१,१३४.८१	२१,०३०,७४८.४१	२२,२०९,२७९.७९	२३,६१२,३००.४७
घटाउने: अपलेखन गर्न बाँकी खर्च	-	-	-	-	-	-	-
जम्मा नेटवोर्थ	१७,११३,४२७.४२	१८,२६६,६९९.२५	१९,४५५,९४०.१४	१९,६४१,१३४.८१	२१,०३०,७४८.४१	२२,२०९,२७९.७९	२३,६१२,३००.४७
शेयर संख्या	९८,२५८,५३१	१०१,२०६,२८७	१०५,००१,५२३	१०५,००१,५२३	१०८,९९१,५८१	१०८,९९१,५८१	१०८,९९१,५८१
खुद नाफा/(नोक्सान)	१,६३८,३०९.९१	१,९६७,५०८.३९	१,९९९,७७२.८९	९००,२८१.०५	२,१२९,०६२.६६	२,४१३,४३२.७३	२,७०८,६०२.५२
प्रति शेयर नेटवोर्थ (रु.)	१७४.१७	१८०.४९	१८५.२९	१८७.०६	१९२.९६	२०३.७७	२१६.६४
नेटवर्थमा प्रतिफल (%)	९.५७	१०.७७	१०.२८	९.३१	१०.१२	१०.८७	११.४७
प्रति शेयर आम्दानी (रु.)	१६.६७	१९.४४	१९.०५	१७.१५	१९.५३	२२.१४	२४.८५
प्रति शेयर चुक्ता पूँजी (रु.)	१००	१००	१००	१००	१००	१००	१००

** व्यवस्थापनबाट प्रमाणित गरिएको आ.व. २०८१/८२ को पौष मसान्तसम्मको अपरिष्कृत वित्तीय विवरण ।*

१२. अन्तर्निहित जोखिम तथा सोको व्यवस्थापनका लागि व्यवस्थापनको धारणा:

कम्पनीको अन्तर्निहित जोखिमहरु निम्नानुसार रहेका छन्:

(क) **वित्तीय साधनको अभावबाट हुने जोखिम:** १. निक्षेप तथा कर्जाको ब्याजदरमा आउने परिवर्तनबाट हुन सक्ने जोखिमहरु । २. नेपालको बजारमा हुने आर्थिक मन्दीबाट पर्न सक्ने असरबाट हुन सक्ने आर्थिक जोखिमहरु ।
(ख) **कच्चा पदार्थको अभावबाट हुने जोखिम:** लागू नहुने ।
(ग) **उत्पादन तथा सेवाको बजार स्थिति र यसमा आउने परिवर्तनबाट हुने जोखिम:** १. बैंक तथा वित्तीय संस्थाहरु एक आपसमा प्राप्ती वा गाभिएर उत्पन्न हुने प्रतिस्पर्धाबाट हुन सक्ने जोखिमहरु । २. देशको आर्थिक अवस्थामा आउने उतार चढावबाट हुन सक्ने जोखिमहरु ।
(घ) **आयोजना सम्पन्न हुन ढिलाई हुने सम्भावना र त्यसबाट हुने मूल्य अभिबृद्धि (cost overrun) को जोखिम:** लागू नहुने ।
(ङ) **विदेशी विनिमयको जोखिम:** देशको वैदेशिक व्यापार नीतिमा हुन सक्ने परिवर्तन तथा विदेशी मुद्राको विनिमय दरमा घटबढ भई उत्पन्न हुन सक्ने सम्भावित जोखिमहरु ।
(च) **कानूनी प्रकृयाहरु तथा ईजाजत प्राप्त गर्नुपर्ने भए सोबाट पर्न सक्ने अवरोधहरु:** लागू नहुने ।
(छ) **क्षेत्रीयकरण र विश्वव्यापीकरण (Globalization) का कारणबाट उत्पन्न हुन सक्ने जोखिम:** १. अन्तराष्ट्रिय बजारको आर्थिक मन्दीले प्रत्यक्ष असर वित्तीय क्षेत्रमा पर्न सक्ने भएकोले सोबाट हुन सक्ने जोखिमहरु ।
(ज) **सरकारी नीति तथा नियमहरूमा हुने परिवर्तन तथा विश्वव्यापी रूपमा हुने नीतिगत परिवर्तनबाट हुने जोखिम:** १. नेपाल सरकार तथा नेपाल राष्ट्र बैंकको आर्थिक तथा वित्तीय नीति नियममा हुने परिवर्तनबाट सिर्जना हुन सक्ने जोखिमहरु । २. देशको मौद्रिक नीति लगायत नेपाल राष्ट्र बैंकले जारी गर्ने नियम निर्देशनको परिवर्तनबाट सिर्जना हुने सम्भावित जोखिमहरु ।
(झ) **संचालन अनुभवको अभाव:** यस बैंकको संचालन इतिहास ३१ वर्ष भन्दा बढी रहेको छ ।
(ञ) **प्रविधिको परिवर्तनबाट हुन सक्ने जोखिम:** नयाँ प्रविधिको विकाससँगै बैंकले प्रयोग गर्ने इन्टरनेटमा आधारित बैंकिङ्ग/वित्तीय लगायतका प्रविधिमा हुने खराबीले पर्न सक्ने संचालन तथा साख सम्बन्धी जोखिम ।
(ट) **अन्य:** १. बैंकले प्रदान गरेको कर्जा तथा सापट खराब कर्जामा परिणत हुन गएमा हुने जोखिम । २. देशको राजनैतिक अस्थिरताबाट आउन सक्ने जोखिमहरु । ३. पूँजी बजारको अवस्थामा आउने उतार चढावबाट पर्न सक्ने जोखिमहरु । ४. बैंकले सरकारी तथा गैर सरकारी धितोपत्रहरुमा लगानी गरेकोले त्यस्तो लगानीमा हुने मूल्य परिवर्तनको जोखिम । ५. घट्दो विप्रेषण तथा तरलता अभावबाट हुन सक्ने जोखिम ।

उपरोक्तानुसारको जोखिमहरुलाई न्यून वा व्यवस्थापन गर्ने सम्बन्धमा व्यवस्थापनको योजना: बैंकको कर्जा तथा लगानी खराब भई हुन सक्ने जोखिमहरुको लागि बैंकले कर्जा तथा लगानीको लागि जोखिम व्हाहोर्ने कोषको व्यवस्था गरेको छ । बैंकले वित्त बजारमा हुने प्रतिस्पर्धाको लागि जनशक्ति विकासमा ध्यान पुऱ्याउनुको साथै अन्य व्यवसायिक जोखिमहरुबाट सिर्जना हुन सक्ने हानी नोक्सानीको लागि व्यवस्थापन चनाखो भई सम्भावित हानी नोक्सानी कम गर्न सक्षम र प्रतिबद्ध रहेको छ । त्यस्तै अन्य विभिन्न जोखिमहरु न्यूनीकरणका लागि प्रभावकारी आन्तरिक नियन्त्रण प्रणाली, समयानुसारको आधुनिक प्रविधि, स्पष्ट नीति तथा नियमहरुको निर्माण एवं समयानुसार आफ्नो सेवा तथा सुविधाहरुमा परिवर्तन गर्दै लगिने बैंकको नीति रहेको छ । बैंकले विशेष गरी सामना गर्नुपर्ने जोखिमहरुमा मुख्यतः संचालन जोखिम, कर्जा जोखिम, बजार जोखिम, ब्याजदर जोखिम, विदेशी विनिमय जोखिम र धितोपत्र, वित्तीय डेरिभेटिज तथा कमोडिटिजको बजार मुल्यमा हुने परिवर्तनको जोखिम बैंकले कारोबार गर्ने निकायको उद्गम मुलुकसँग सम्बन्धित जोखिम, कानुनी जोखिम, प्रतिष्ठा जोखिम र रणनीतिक जोखिमहरुलाई यथोचित सम्बोधन गर्नको लागि जोखिमको अझ राम्रो नियन्त्रण तथा न्यूनीकरण गर्ने नेपाल एसबिआई बैंकले स्वतन्त्र जोखिम अनुगमन संयन्त्रको निर्माण गरी लागू गरेको छ । बैंकमा बैंकिङ्ग व्यवसायका विविध क्षेत्रहरुमा आउन सक्ने जोखिमको सबै आवश्यकताहरुको व्यवस्थापनका लागि विभिन्न जोखिम व्यवस्थापन समितिहरु रहेका छन् । आवश्यकता अनुसार जोखिम व्यवस्थापन संयन्त्रलाई सशक्त पार्दै लगिने छ ।

धितोपत्रको मूल्य परिवर्तन सम्बन्धी जोखिम: रु.१,०००/- प्रति ऋणपत्रको दरले निष्काशन गरिएको मूल्यले सूचीकरण पश्चात् धितोपत्र बजारमा हुने कारोबार मूल्य नजनाउने भएकोले ऋणपत्र मूल्यमा हुन सक्ने परिवर्तनको जोखिम रहेको छ ।

१३. ऋणपत्र निष्काशन सम्बन्धी विवरण:

(क) यस विवरणपत्र मार्फत निष्काशन गर्न लागिएको "७% नेपाल एसबिआई बैंक ऋणपत्र २०९०" सम्बन्धी विवरण देहाय बमोजिम रहेको छ :

(अ) **ऋणपत्र निष्काशनको शर्त बन्देजहरु:** ऋणपत्र निष्काशन सम्बन्धी शर्त र बन्देजहरु यस विवरणपत्रको बुँदा नम्बर १० (छ) (इ) मा उल्लेख गरिएको छ ।
(आ) **ऋणपत्रको अवधि (Maturity Period):** यस ऋणपत्रको अवधि ऋणपत्रको बाँडफाँड भएको दिनबाट १० (दश) वर्षको हुनेछ । सो अवधि पश्चात् कम्पनीले यस ऋणपत्रको साँवा र अन्तिम किस्ताको तिर्न बाँकी ब्याज रकम एकमुष्ठ भुक्तानी गर्नेछ ।
(इ) **निष्काशन गरिने ऋणपत्रको रकम:** दश वर्ष अवधि तथा वार्षिक ७ प्रतिशत ब्याजदर भएको रु. ३ अर्ब बराबरको प्रति ऋणपत्र रु.१,०००/- अंकित मूल्यका ३०,००,००० कित्ता मध्ये १८,००,००० कित्ता ऋणपत्रले हुन आउने कूल रु.१ अर्ब ८० करोड ऋण पूँजी रकम व्यक्तिगत तवर (Private Placement) बाट र १२,००,००० लाख कित्ता ऋणपत्रले हुन आउने कुल रु.१ अर्ब २० करोड ऋण पूँजी रकम (५% अर्थात ६०,००० कित्ता सामूहिक लगानी कोषका लागि छुट्याईएको समेत) सर्वसाधारण नेपालीको लागि, सार्वजनिक निष्काशनबाट बिक्री गरिनेछ ।
(ई) **ऋणपत्र साधारण शेयरमा परिवर्तन हुने वा नहुने:** यस विवरणपत्र अनुसार निष्काशन गरिने ऋणपत्र १० (दश) वर्षको अवधि पश्चात् एकमुष्ठ रुपमा फिर्ता गरिने भएकाले उक्त ऋणपत्र साधारण शेयरमा परिणत नहुने ।
(उ) **ऋणपत्रको ब्याजदर (Coupon Interest Rate) र ब्याज भुक्तानी गर्ने अवधि/समय (Interest Payment Period):** (यस ऋणपत्रको वार्षिक ब्याजदर ७% हुनेछ । यस ऋणपत्रमा आर्जित ब्याज रकम प्रत्येक आर्थिक वर्षको प्रथम अर्धवार्षिक अवधि (पौष मसान्त) र द्वितीय अर्धवार्षिक अवधि (आषाढ मसान्त) समाप्त भए पश्चात् भुक्तानी दिइनेछ । सम्पूर्ण आवेदकले आवेदन दिँदा आफ्नो डिम्याट खाता नं. उल्लेख गर्नुपर्ने भएकोले सो डिम्याट खातामा उल्लेख गरेको बैंक खाता नं. मा आर्जित ब्याज वापतको रकम सिधै रकमान्तर गर्ने व्यवस्था मिलाइनेछ । ब्याज रकम भुक्तानी दिँदा प्रथम अर्धवार्षिक अवधि (पौष मसान्त) सम्म यस ऋणपत्रमा आर्जित ब्याज रकम हरेक वर्षको माघ १ गतेदेखि र दोस्रो अर्धवार्षिक अवधि (आषाढ मसान्त) समयसम्म यस ऋणपत्रमा आर्जित ब्याज रकम उक्त वर्षको श्रावण १ गते देखि भुक्तानी गरिनेछ । साथै, व्यक्तिगत तवरबाट निष्काशन गरिएको ऋणपत्रमा आवेदन गर्ने प्रत्येक आवेदकलाई निजले आवेदन गरेको रकममा आवेदन गरेको मितिदेखि बाँडफाँड हुने दिनसम्मको अवधिका लागि प्रचलित बजारको दरले खण्डित अवधिको ब्याज (Broken Period Interest) प्रदान गरिने छ ।
(ऊ) **ऋणपत्रको ब्याजदरमा लाग्ने कर:** यस ऋणपत्रमा आर्जित ब्याज रकममा प्रचलित आयकर ऐन अनुसार आयकर लाग्नेछ ।
(ए) **ऋणपत्र भुक्तानी जगेडा कोष (Debenture Redemption Reserves) सम्बन्धी व्यवस्था:** यस विवरणपत्र मार्फत निष्काशन गरिने ऋणपत्रलाई निर्धारित १० (दश) वर्ष समयावधिमा फिर्ता भुक्तानी गर्नका लागि कम्पनीले ऋणपत्र भुक्तानी जगेडा कोष (Debenture Redemption Reserves) को व्यवस्था गर्नेछ । ऋणपत्रको अवधिमा ऋणपत्र निष्काशन भएको वर्ष र ऋणपत्र भुक्तानी हुने वर्ष बाहेक बाँकी रहेका प्रत्येक वर्ष आर्थिक मुनाफाबाट समानुपातिक आधारमा रकम छुट्याइ ऋणपत्र भुक्तानी जगेडा कोषमा ऋणपत्र बराबर रकम जम्मा गरिनेछ । कम्पनीले कुनै आर्थिक वर्षमा मुनाफा आर्जन गर्न नसकेको खण्डमा समेत सो वर्षमा ऋणपत्र भुक्तानी जगेडा कोष (Debenture Redemption Reserves) मा रकमान्तरण गर्नु पर्ने रकम रकमान्तरण गरिनेछ । यदि कम्पनीको कुनै आर्थिक वर्षमा मुनाफा नभएमा अघिल्लो वर्षहरुको संचित मुनाफाबाट ऋणपत्र भुक्तानी जगेडा कोष (Debenture Redemption Reserves) मा रकमान्तरण गर्नु पर्ने रकम रकमान्तरण गरिनेछ ।

आ.व.	रकम रु.मा
२०८१/८२	-
२०८२/८३	३७५,०००,०००.००
२०८३/८४	३७५,०००,०००.००
२०८४/८५	३७५,०००,०००.००
२०८५/८६	३७५,०००,०००.००
२०८६/८७	३७५,०००,०००.००
२०८७/८८	३७५,०००,०००.००
२०८८/८९	३७५,०००,०००.००
२०८९/९०	३७५,०००,०००.००
२०९०/९१	
जम्मा	३,०००,०००,०००.००

नोट: नेपाल राष्ट्र बैंकको स्वीकृति बमोजिम निष्काशन गरिएको आर्थिक वर्ष र भुक्तानी हुने आर्थिक वर्षमा भुक्तानी जगेडा कोष (Debenture Redemption Reserves) मा रकम विनियोजन गर्न अनिवार्य नभएकोले बाँकी आठ वर्ष अनिवार्य रुपमा जगेडा कोषमा रकम राखिने छ ।
"१०.२५% नेपाल एसबिआई बैंक ऋणपत्र २०८३" बाहेक अरु ऋणपत्रको भुक्तानी गर्नका लागि ऋणपत्र भुक्तानी जगेडा कोष (Capital Redemption Reserve) खडा गरेको छ । वार्षिक रु.२५.४२ करोडका दरले भुक्तानी जगेडा कोषमा रकमान्तर हुने गरेको र हाल सम्म रु. १२०.७३ करोड जम्मा गरिएको छ ।
"१०.२५% नेपाल एसबिआई बैंक ऋणपत्र २०८३" ऋणपत्र स्रोत परिचालनमा गणना गर्ने गरि जारी गरिएको र नेपाल राष्ट्र बैंकको विद्यमान निर्देशन अनुसार यस प्रकृतिका ऋणपत्रको लागि ऋणपत्र भुक्तानी जगेडा कोष (Capital Redemption Reserve) खडा गर्न अनिवार्य नभएकोले यस ऋणपत्रको लागि ऋणपत्र भुक्तानी जगेडा कोष (Capital Redemption Reserve) खडा नगरिएको ।

(ऐ) **ऋणपत्रवालाहरुको अधिकार:** यस विवरणपत्र मार्फत निष्काशन हुने ऋणपत्र खरीद गर्ने ऋणपत्रधनीहरुलाई कम्पनी ऐन, २०६३ तथा अन्य प्रचलित कानून बमोजिम ऋणपत्रधनीहरुलाई प्राप्त हुने सम्पूर्ण हक, सुविधा प्राप्त हुनेछ । तर त्यस्ता ऋणपत्रधनीहरुलाई कम्पनीको साधारण सभामा भाग लिन तथा मतदान गर्ने अधिकार हुने छैन । कथंकदाचित बैंक टाटपल्टेमा यस विवरणपत्र मार्फत निष्काशित ऋणपत्रको भुक्तानी निक्षेपकर्ताहरु भन्दा पछाडि मात्र हुनेछ ।

(ख) संगठित संस्थाको सम्पत्तिमा ऋणपत्रवालाको हक सम्बन्धी विवरण: यस विवरणपत्र मार्फत निष्काशन हुने ऋणपत्र बैंकको सम्पत्ति सुरक्षण नराखी निष्काशन गरिएको असुरक्षित ऋण (Unsecured Debt) भएको र कथंकदाचित बैंक टाटपल्टिएमा निक्षेपकर्ता भन्दा पछि मात्र भुक्तानीमा प्राथमिकता हुने गरी निष्काशन गरिएको सहायक ऋण (Subordinate Debt) भएको हुँदा प्रचलित कानूनले प्रदान गरेको बाहेक कम्पनीको सम्पत्तिमा ऋणपत्रधनीको कुनै निर्दिष्ट हक (Specific Charge) अधिकार हुने छैन । बैंकको सम्पत्तिमा निक्षेपकर्ताको प्रथम हक लाग्नेछ, २०८१ पौष मसान्तसम्ममा निजहरुको हक कायम हुने रकम रु. १८९,२६९,३०३,२८२/५० (अक्षरेपी एक खर्ब उनान्नब्बे अर्ब छब्बिस करोड त्रियान्नब्बे लाख तीन हजार दुइसय बयासि र पचास पैसा मात्र) रहेको छ ।

(ग) ट्रष्टीको नाम, ठेगाना र कम्पनी बीच भएको सम्झौता (Trustee Deed) को प्रमुख बुँदाहरु : ऋणपत्र निष्काशन गर्दा ट्रष्टी नियुक्त गर्नु पर्ने व्यवस्था अनुरुप निम्नानुसार ऋणपत्र ट्रष्टीको व्यवस्था गरिएको छ ।
(अ) **ट्रष्टीको नाम तथा ठेगाना:** ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थामा नेपाल धितोपत्र बोर्डबाट निष्काशन तथा बिक्री प्रबन्धकको इजाजतपत्र प्राप्त धितोपत्र व्यवसायी श्री नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड, नक्साल, काठमाण्डौं रहेको छ ।
(आ) **ऋणपत्र ट्रष्टी भए बापत लिने सेवा शुल्क:** यस विवरणपत्र मार्फत सर्वसाधारणमा तथा व्यक्तिगत तवरबाट विभिन्न व्यक्ति वा संघ संस्थाहरुलाई बिक्री गरिने ऋणपत्रको ट्रष्टीको रुपमा नियुक्त श्री नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड, नक्साल, काठमाण्डौंलाई निजले उक्त सेवा प्रदान गरे बापत वार्षिक रु.१०,०००/- (अक्षरेपी दश हजार रुपैयाँ मात्र) रकम ट्रष्टी सेवा उपलब्ध गराएको समयावधिका लागि सेवा शुल्कको रुपमा दिइनेछ ।
(इ) **ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थाले तोकेको सम्पर्क व्यक्तिको नाम तथा पद योग्यता तथा अनुभव:** ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थाले उक्त कम्पनीको मर्चेन्ट बैंकिङ्ग विभागमा श्री रुपेश कार्कीलाई सम्पर्क व्यक्तिको रुपमा तोकेको छ । श्री कार्की स्नातक सम्मको शैक्षिक योग्यता र करिब ५ वर्ष भन्दा बढिको वित्तीय क्षेत्रको कार्यानुभव हासिल गर्नु भएको छ ।
(ई) **ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थाले सम्बन्धित पक्षको गुनासो सुन्ने र समाधान गर्ने सम्बन्धमा गरेको व्यवस्था:** ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थाले सम्बन्धित पक्षको गुनासो सुन्ने र सो को समाधान गर्ने सम्बन्धमा तोकिएको सम्पर्क व्यक्ति मार्फत वा ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थाको कार्यालय मार्फत आवश्यक व्यवस्था गरेको छ । साथै, गुनासाहरु लिखित रुपमा ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थामा जम्मा गराउनु पर्नेछ ।
(उ) **ऋणपत्र निष्काशन गर्ने बैंक र ऋणपत्रवालाहरुको हित संरक्षण गर्न ट्रष्टीको रुपमा काम गर्ने ऋणपत्र ट्रष्टी बीच कम्पनी ऐन, २०६३ बमोजिम सम्झौता भएको कुरा:** ऋणपत्र निष्काशन गर्ने कम्पनी र ऋणपत्रवालाहरुको हित संरक्षण गर्न ट्रष्टीको रुपमा काम गर्ने ऋणपत्र ट्रष्टी बीच कम्पनी ऐन, २०६३ मा भएको व्यवस्था अनुरुप मिति २०८१/०१/०२ मा सम्झौता गरिएको छ ।
(ऊ) **ऋणपत्र ट्रष्टीको अधिकार र दायित्व, ऋणपत्र ट्रष्टीले जाँचबुझ गर्न र विवरण माग गर्न सक्ने, ऋणपत्र ट्रष्टीलाई ऋणपत्रवालाहरुको अधिकार हुने आदि व्यवस्थाहरु कम्पनी ऐन, २०६३ अनुरुप भएको कुरा:** ऋणपत्र ट्रष्टीको अधिकार र दायित्व, ऋणपत्र ट्रष्टीले जाँचबुझ गर्न र विवरण माग गर्न सक्ने, ऋणपत्र ट्रष्टीलाई ऋणपत्रवालाहरुको अधिकार हुने आदि व्यवस्थाहरु कम्पनी ऐन, २०६३ अनुरुप गरिएको छ ।
(ए) **ऋणपत्र ट्रष्टी र बैंक बीच भएको सम्झौताको प्रति नेपाल धितोपत्र बोर्डमा दर्ता गरिएको कुरा:** ऋणपत्र ट्रष्टी र कम्पनी बीच भएको सम्झौताको प्रतिलीपी नेपाल धितोपत्र बोर्डमा मिति २०८१/०१/०३ गते दर्ता गरिएको छ ।
(ऐ) **ऋणपत्र ट्रष्टी र बैंक बीच भएको सम्झौता तथा अन्य आवश्यक व्यवस्थाहरु ऋणपत्रवालाले हेर्न वा जान्न चाहेमा सो उपलब्ध गराउने सम्बन्धमा गरिएको व्यवस्था:** ऋणपत्र ट्रष्टी श्री नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड, नक्साल, काठमाण्डौं र कम्पनी बीच भएको सम्झौता तथा अन्य आवश्यक व्यवस्थाहरु ऋणपत्रवालाले हेर्न वा जान्न चाहेमा ऋणपत्र ट्रष्टी वा कम्पनीको रजिष्टर्ड कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राखी हेर्न वा जान्न सकिने व्यवस्था गरिएको छ ।
(ओ) **अन्य :**
- ऋणपत्र ट्रष्टीले ऋणपत्रवालाहरुको हित संरक्षण गर्ने ।
- कम्पनीले ऋणपत्र ट्रष्टीलाई आफ्नो वित्तीय कारोबारको परिष्कृत आर्थिक विवरण आर्थिक वर्ष समाप्त भएको ६ महिनाभित्र अनिवार्य रुपमा पठाउनु पर्ने ।
- ऋणपत्र ट्रष्टीले कम्पनीले स्थापना गरेको भुक्तानी कोषको अनुगमन गर्ने ।
- कम्पनी ऐन, २०६३ को दफा ३६ को उपदफा ५ मा भएको व्यवस्था पूर्ण पालना गरी सो दफा अनुरुप कार्य गरिनेछ ।

(औ) **ट्रष्टी र कम्पनी बीच भएका सम्झौताका प्रमुख बुँदाहरु:**
१. निष्काशनकर्ता कम्पनीले व्यक्तिगत तवर (Private Placement) बाट तथा सार्वजनिक निष्काशन प्रकृयाबाट बिक्री गरिने ७% ब्याजदर रहेको "7% Nepal SBI Debenture 2090" नामक रु.१,०००/- अंकित दरको ३०,००,००० (तीस लाख) कित्ताको रु.३,००,००,००,०००/- (अक्षरेपी तीन अर्ब रुपैयाँ मात्र) बराबरको डिबेञ्चर मध्ये १८,००,००० (अठार लाख) कित्ता डिबेञ्चर व्यक्तिगत तवरबाट तथा १२,००,००० (बाह्र लाख) कित्ता डिबेञ्चर सार्वजनिक निष्काशन प्रकृयाबाट निष्काशन गर्ने क्रममा निष्काशनकर्ता कम्पनी र डिबेञ्चर धनीको हित संरक्षण गर्ने जिम्मा डिबेञ्चर ट्रष्टीको रहनेछ ।
२. खरीद गरिएको डिबेञ्चरको साँवा र ब्याज भुक्तानी गर्ने समय, ब्याज दर, साँवा ब्याज भुक्तानी गर्ने प्रकिया निम्नानुसार रहेको छ ।
अ) **डिबेञ्चरको अवधि (Maturity):** डिबेञ्चरको अवधि डिबेञ्चर बाँडफाँड भएको दिनबाट दश वर्षको लागि हुनेछ र सो अवधि पश्चात् बैंकले डिबेञ्चरको साँवा र भुक्तानी दिन बाँकी ब्याज रकम एकमुष्ठ भुक्तानी गर्नेछ ।
आ) **डिबेञ्चरको ब्याज दर (Coupon Interest Rate):** डिबेञ्चरको वार्षिक ब्याजदर ७% हुनेछ र सो ब्याज रकमबाट प्रचलित आयकर ऐन बमोजिम करकट्टा गरी भुक्तानी गरिनेछ ।
इ) **डिबेञ्चरको ब्याज भुक्तानी गर्ने प्रक्रिया (Interest Payment Process):** डिबेञ्चरमा आर्जित ब्याज अर्धवार्षिक रुपमा अर्थात प्रत्येक ६/६ महिनाको अवधिमा भुक्तानी हुनेछ ।
ई) **डिबेञ्चर भुक्तानी गर्ने समय (Interest Payment Timing):** डिबेञ्चरमा आर्जित ब्याज रकम प्रत्येक अर्धवार्षिक अवधि (पौष तथा आषाढ मसान्त) समाप्त भए पश्चात् भुक्तानी दिइनेछ । ब्याज रकम भुक्तानी दिँदा प्रथम अर्धवार्षिक अवधि (पौष मसान्त) सम्म यस ऋणपत्रमा आर्जित ब्याज रकम हरेक वर्षको माघ १ गतेदेखि र दोस्रो अर्धवार्षिक अवधि (आषाढ मसान्त) समयसम्म यस ऋणपत्रमा आर्जित ब्याज रकम श्रावण १ गतेदेखि भुक्तानी गरिनेछ ।
उ) **ब्याज भुक्तानी गर्ने तरिका:** डिबेञ्चरवालालाई ब्याज भुक्तानी गर्नको लागि निष्काशनकर्ता कम्पनीले स्वयम् वा निष्काशनकर्ता कम्पनीद्वारा नियुक्त डिबेञ्चर रजिष्ट्रार मार्फत डिबेञ्चरवालाको हितग्राही खातामा उल्लेख भएको बैंक खातामा प्रदान गर्नेछ ।
ऊ) **ब्याज भुक्तानी गर्ने स्थान:** ऋणपत्रबाहकले धारण गरेको ऋणपत्रमा आर्जित ब्याज रकम ऋणपत्र बाहकको हितग्राही खातामा उल्लेख भएको बैंक खातामा वा ऋणपत्र धनीले आवेदन गर्दा उल्लेख गरेको बैंक खातामा सोझै प्राप्त गर्न सकिनेछ ।
ए) **डिबेञ्चरलाई शेयरमा परिणत गर्ने व्यवस्था:** डिबेञ्चरलाई साधारण शेयरमा परिवर्तन गर्ने वा सञ्चित (Cumulate) गर्ने विशेषता नरहेको ।
३. डिबेञ्चर ट्रष्टीको हैसियतले कार्य गर्दा निष्काशनकर्ता कम्पनी वा डिबेञ्चरवालालाई कुनै हानी नोक्सानी वा घाटा भएमा वा डिबेञ्चरवालालाई रकम भुक्तानी नभएमा सो को लागि डिबेञ्चर ट्रष्टी जवाफदेही हुने छैन ।
४. निष्काशनकर्ता कम्पनी विघटन गर्नु पर्ने अवस्था उत्पन्न भएमा डिबेञ्चर ट्रष्टीले डिबेञ्चरवालाको तर्फबाट गर्न सक्ने कानूनी कारवाही र डिबेञ्चरवालाको अधिकारको प्रयोग डिबेञ्चर ट्रष्टीले गर्न सक्नेछ । डिबेञ्चर ट्रष्टीले कार्य गरे बापत लागेको सम्पूर्ण खर्च निष्काशनकर्ता कम्पनीले भुक्तानी गर्नुपर्नेछ ।
५. डिबेञ्चरवालाको हित संरक्षण सम्बन्धी गर्नुपर्ने सम्पूर्ण कार्य प्रचलित कानून बमोजिम डिबेञ्चर ट्रष्टीले गर्न सक्ने अधिकार रहेको छ ।
६. डिबेञ्चर ट्रष्टीले डिबेञ्चरवालाको हित संरक्षणको निमित्त आवश्यक ठानेमा निष्काशनकर्ता कम्पनीको जायजेथा सुरक्षण स्वरुप लिन र त्यस्तो सुरक्षण प्रचलित कानून बमोजिम आफ्नो नाममा पारित गराई राख्न सक्नेछ ।

(घ) परिवर्तनशील ऋणपत्र जारी गरिने भएमा ऋणपत्रको परिवर्तन अनुपात, मूल्य, प्रिमियम तथा परिवर्तन मिति, मताधिकारको व्यवस्था: सो नभएको ।

(ङ) ऋणपत्र जारी गर्नुको उद्देश्य तथा सम्पन्न हुने कार्य योजना:
- कम्पनीले सेवा विस्तार गर्ने क्रममा लगानी बढाउन तथा वित्तीय एवं आर्थिक गतिविधिहरुलाई विस्तार गर्नका लागि आवश्यक पूँजी संकलन गर्न ।
- बैंकको पूरक पूँजी कोष (Supplementary Capital) वृद्धि गर्न । - प्रबन्ध-पत्रमा उल्लेख गरिएका उद्देश्यहरु अनुरुप गर्नुपर्ने कार्यहरुको लागि आवश्यक पर्ने पूँजी जुटाउन ।
- नेपाल राष्ट्र बैंकबाट जारी निर्देशनको पालना गर्न ।

(च) जारी पूँजी चुक्ता भए/नभएको: कम्पनीको जारी पूँजी सम्पूर्ण चुक्ता भैसकेको ।

(छ) यस भन्दा अगाडी जारी भएको ऋणपत्रको विवरण:

क्र.सं.	विवरण	ब्याजदर	चुक्ता रकम (रु.)	जारी मिति
१	"१२.५०% नेपाल एसबिआई बैंक ऋणपत्र २०७८"*	१२.५०%	४००,०००,०००	२०६८/१०/२९
२.	"८.००% नेपाल एसबिआई बैंक ऋणपत्र २०७९"**	८.००%	४००,०००,०००	२०६९/१०/२१
३.	"७.९०% नेपाल एसबिआई बैंक ऋणपत्र २०८०"***	७.९०%	२००,०००,०००	२०७१/०१/०७
४	"१०.००% नेपाल एसबिआई बैंक ऋणपत्र २०८६"	१०.००%	२,०३३,८८८,०००	२०७६/१२/०४
५.	"१०.२५% नेपाल एसबिआई बैंक ऋणपत्र २०८३"	१०.२५%	२,४०१,४८२,०००	२०७९/०४/१२
६.	"९% नेपाल एसबिआई बैंक ऋणपत्र २०८९"	९%	१,४१८,३६६,०००	२०८०/०५/१०

* मिति २०७८/१०/२८ मा **"१२.५०% नेपाल एसबिआई बैंक ऋणपत्र २०७८"** को समयावधी समाप्त भएको ।
** मिति २०७९/१०/२० मा **"८.००% नेपाल एसबिआई बैंक ऋणपत्र २०७९"** को समयावधी समाप्त भएको ।
*** मिति २०८०/०१/०७ मा **"७.९०% नेपाल एसबिआई बैंक ऋणपत्र २०८०"** को समयावधी समाप्त भएको ।
"१०.२५% नेपाल एसबिआई बैंक ऋणपत्र २०८३" बाहेक अरु ऋणपत्रको भुक्तानी गर्नका लागि ऋणपत्र भुक्तानी जगेडा कोष (Capital Redemption Reserve) खडा गरेको छ । वार्षिक रु.२५.४२ करोडका दरले भुक्तानी जगेडा कोषमा रकमान्तर हुने गरेको र हाल सम्म रु. १२०.७३ करोड जम्मा गरिएको छ ।
"१०.२५% नेपाल एसबिआई बैंक ऋणपत्र २०८३" ऋणपत्र स्रोत परिचालनमा गणना गर्ने गरि जारी गरिएको र नेपाल राष्ट्र बैंकको विद्यमान निर्देशन अनुसार यस प्रकृतिका ऋणपत्रको लागि ऋणपत्र भुक्तानी जगेडा कोष (Capital Redemption Reserve) खडा गर्न अनिवार्य नभएकोले यस ऋणपत्रको लागि ऋणपत्र भुक्तानी जगेडा कोष (Capital Redemption Reserve) खडा नगरिएको ।

(ज) नेपाल राष्ट्र बैंकले डिबेञ्चर जारी गर्नका लागि दिएको शर्तहरु:
नेपाल राष्ट्र बैंकले डिबेञ्चर जारी गर्नका लागि दिएका शर्तहरु निम्नानुसार रहेका छन् ।
१) कुनै पनि सुरक्षण नराखी **"७% नेपाल एसबिआई बैंक ऋणपत्र २०९०"** निष्काशन गर्नुपर्ने । २) ऋणपत्रको अवधि १० (दश) वर्षको हुने ।
३) ऋणपत्रको वार्षिक ब्याजदर ७ प्रतिशत हुनुपर्ने, ऋणपत्रमा प्रदान गरिने ब्याज अर्धवार्षिक भुक्तानी गर्नुपर्ने, प्रस्ताव गरे बमोजिम र आर्जित ब्याज रकममा आयकर ऐन अनुसार आयकर लाग्ने व्यवस्था गर्नुपर्ने ।
४) बैंक विघटन भएको अवस्थामा **"७% नेपाल एसबिआई बैंक ऋणपत्र २०९०"** को भुक्तानी अन्य सुरक्षित साहु र निक्षेपकर्ता भन्दा पछि मात्र हुने ।
५) ऋणपत्र बाँडफाँड भएको मितिले ६ महिना भित्रमा नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा सूचीकृत गर्नुपर्ने ।
६) नेपाल एसबिआई बैंक लिमिटेड बाहेक अन्य बैंक तथा वित्तीय संस्थाबाट उक्त ऋणपत्र धितो राखी ऋण लिन सकिने व्यवस्था गर्नु पर्ने ।
७) ऋणपत्र निष्काशन गर्नु अघि विवरणपत्र यस बैंकमा दर्ता गरी प्रकाशन गर्नुपर्ने ।
८) ऋणपत्र बैंकको पुरक पूँजीमा गणना हुने गरी जारी गर्नुपर्ने ।
९) ऋणपत्रको रकम भुक्तानी गर्न सिर्जना गरिने पूँजी फिर्ता जगेडा कोष (Capital Redemption Reserve) को व्यवस्था गर्दा निम्नानुसार कोष सिर्जना गरेको हुनु पर्ने ।
क) निष्काशन गरिएको आर्थिक वर्ष र भुक्तानी हुने आर्थिक वर्ष त्यस्तो भुक्तानी कोष (Redemption Reserve) मा कुनै रकम विनियोजन नगरे पनि हुने,
ख) भुक्तानी अवधि बाँकी रहेसम्म त्यसपछिका प्रत्येक वर्ष वार्षिक मुनाफाबाट कम्तीमा समानुपातिक (Proportionate) आधारमा रकम छुट्याउनु पर्ने,
ग) खण्ड (ख) बमोजिम समानुपातिक आधारमा छुट्याउनु पर्ने रकम छुट्याउने भएमा कुन आर्थिक वर्षमा कति रकम छुट्याउने हो स्पष्ट उल्लेख गर्नु पर्ने,
तर, यस बैंकले तोकेको न्यूनतम चुक्ता पूँजी पूरा गर्ने प्रयोजन बाहेकको अवस्थामा संस्थाले कुनै आर्थिक वर्षमा ५ पूर्ण आर्थिक वर्ष भन्दा बढी भुक्तानी अवधि बाँकी रहेको ऋणपत्र वापत भुक्तानी कोषमा जम्मा गर्नु पर्ने बराबर बोनस शेयर जारी गरेमा सो आर्थिक वर्षमा भुक्तानी कोष (Capital Redemption Reserve) मा रकम जम्मा गर्न अनिवार्य हुने छैन । तर, सो वर्षमा जम्मा गर्नु पर्ने रकम उक्त वर्ष पश्चातका आर्थिक वर्षहरुमा थप गरी समानुपातिक आधारमा अनिवार्य रुपमा उक्त कोषमा जम्मा गर्नु पर्नेछ ।
१०) Private Placement को आधारमा बिक्री गरिने ऋणपत्रको सम्बन्धमा कुनै संघ/संस्थासँग अग्रिम कुनै सम्झौता भएको भए सो सम्झौताको प्रमाणित प्रतिलिपि यस नेपाल राष्ट्र बैंकमा पेश गर्नुपर्ने ।
११) यदि कुनै पक्षले सो पक्षलाई छुट्याएको ऋणपत्र खरीद नगरेमा सो ऋणपत्र अर्को पक्षलाई खरीद गर्ने व्यवस्था गर्नुपर्ने ।
१२) ऋणपत्रमा आवेदन गर्ने प्रत्येक आवेदकलाई निजले आवेदन गरेको रकममा आवेदन गरेको मितिदेखि बाँडफाँड हुने दिनसम्मको अवधिका लागि प्रचलित बजारको दरले खण्डित अवधिको ब्याज (Broken Period Interest) प्रदान गर्नु पर्ने र सो विषयमा विवरणपत्रमा स्पष्ट उल्लेख गर्नुपर्ने ।

१४. धितोपत्र निष्काशनबाट प्राप्त पूँजीको उपयोग:

निष्काशनबाट प्राप्त हुने कुल रकमलाई प्रयोग गर्ने क्षेत्र सम्बन्धी विवरण:
- कम्पनीले सेवा विस्तार गर्ने क्रममा लगानी बढाउन तथा वित्तीय एवं आर्थिक गतिविधिहरुलाई विस्तार गर्नका लागि आवश्यक पूँजी संकलन गर्न ।
- कम्पनीको पूरक पूँजीकोष (Supplementary Capital) वृद्धि गर्न । ▶ प्रबन्धपत्रमा उल्लेख गरिएका उद्देश्य अनुरुप गर्नुपर्ने कार्यहरुको लागि आवश्यक पर्ने पूँजी जुटाउन ।
- आगामी दिनमा बैंकको कर्जा तथा लगानी परिचालनमा आवश्यक पर्ने पूँजीको लागि उपयोग गर्न ।

ऋणपत्र निष्काशन गरी प्राप्त हुने पूँजी कम्पनी ऐन, नेपाल राष्ट्र बैंक ऐन तथा अन्य प्रचलित कानूनको अधिनमा रही बैंकको व्यवसायिक प्रयोजनमा उपयोग गरिनेछ । ऋणपत्र जारी गरी प्राप्त हुने ऋण पूँजीको उपयोग सम्बन्धमा देहाय अनुसार उल्लेख गरिएको छ ।

क्र.सं.	विवरण	रकम (रु.)
१	नेपाल राष्ट्र बैंकबाट स्वीकृत क्षेत्रमा कर्जा लगानी	२,६४०,०००,०००/-
२.	तरलता तथा व्यवसाय विस्तार	३६०,०००,०००/-
	जम्मा	३,०००,०००,०००/-

१५. धितोपत्रको बाँडफाँड, फिर्ता भुक्तानी तथा सूचीकरण सम्बन्धी व्यवस्था:

(अ) **अत्याधिक माग वा न्यून माग भएको अवस्थामा बाँडफाँडको प्रकृया:** यस विवरणपत्रद्वारा सर्वसाधारण तथा परिपत्र विधि मार्फत जारी गरिएको ऋणपत्र खरीदका लागि आवश्यक भन्दा अत्याधिक माग भई दरखास्त प्राप्त हुन आएमा नेपाल धितोपत्र बोर्डको प्रचलित धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ मा भएको व्यवस्था अनुसार ऋणपत्रहरु बाँडफाँड गरिनेछ र ऋणपत्र बाँडफाँड सम्बन्धी सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गरिनेछ । यदि निष्काशन गरिएको ऋणपत्रको संख्या भन्दा कम ऋणपत्र खरीदको लागि दरखास्त प्राप्त हुन आएमा कम्पनी ऐन, २०६३, नेपाल धितोपत्र बोर्डको प्रचलित व्यवस्था तथा निर्देशन बमोजिम संचालक समितिले निर्णय गरी बिक्री वितरण तथा बाँडफाँड गरिनेछ । कुनै एक समूहबाट निष्काशन गरिएको ऋणपत्र भन्दा बढीको आवेदन प्राप्त भई अर्को समूहमा निष्काशन गरिए भन्दा कम ऋणपत्र खरीदका लागि आवेदन प्राप्त हुन आएमा बढी माग आए बराबरको ऋणपत्र अर्को समूहमा थप गरी बाँडफाँड गरिनेछ ।
(आ) **अत्याधिक माग भएको वा बाँडफाँड नभएको अवस्थामा फिर्ता भुक्तानी सम्बन्धी व्यवस्था:** यस विवरणपत्र मार्फत जारी गरिने ऋणपत्रको लागि **"धितोपत्र खरीद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३"** अनुरुप सि-आस्वा (C-ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाबाट मात्र आवेदन दिन सकिनेछ र आवेदकहरुको बाँडफाँडमा नपरेको ऋणपत्र वापतको रकम सम्बन्धित बैंक तथा वित्तीय संस्थाले आवेदकले आवेदन गर्दाको बखत रोक्का राखेको खाताको रकम मात्र फुकुवा गरी फिर्ता भुक्तानी गरिनेछ ।
(इ) **निवेदन साथ प्राप्त रकमको फिर्ता भुक्तानीमा ढिलाई भएमा दिइने ब्याजदर:** निवेदकको रकम सम्बन्धित बैंक खातामा नै रोक्का हुने हुँदा उक्त व्यवस्था लागू नहुने तथा व्यक्तिगत तवरबाट निवेदन दिने आवेदकहरुको हकमा आवेदन पेश भएको मितिदेखि बाँडफाँड हुने दिनसम्मको अवधिका लागि यस नेपाल एसबिआई बैंक लिमिटेडको बचत निक्षेपको प्रचलित ब्याजदर प्रदान गरिनेछ ।
(ई) **धितोपत्र बाँडफाँड तथा प्रमाणपत्र जारी सम्बन्धी प्रकृया र समयावधि:** यस विवरणपत्र अनुसार जारी गरिएको ऋणपत्रहरु धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ तथा धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ मा भएको व्यवस्था अनुसार निर्धारित समयभित्र बाँडफाँड गरी प्रचलित व्यवस्था अनुसार निर्धारित अवधिभित्र बाँडफाँडबाट कायम भएका ऋणपत्रधनीहरुलाई निजहरुको डिम्याट खातामा जम्मा गरिनेछ ।
(उ) **धितोपत्र सूचीकरण भई सकेको भए, त्यस्तो धितोपत्र सूचीकरण गरिएको धितोपत्र बजारको नाम र धितोपत्रको कारोबार शुरु हुनको लागि संगठित संस्थाले पूरा गर्नुपर्ने शर्तहरु सम्बन्धी विवरण :** बैंकको हाल कायम रहेको शेयर नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकरण रहेको । यस विवरणपत्र मार्फत निष्काशन गरिने ऋणपत्र बाँडफाँड पश्चात् सूचीकरण गरिने छ ।
(ऊ) **धितोपत्र सूचीकरण भैनसकेको भए, संगठित संस्थाले निष्काशन तथा बिक्री गरिने धितोपत्र प्रचलित ऐन नियम अनुसार सहज खरीद, बिक्री वा विनिमय हुन सक्ने गराउनको लागि गरिने व्यवस्था सम्बन्धी विवरण:** यस विवरणपत्र मार्फत निष्काशन गरिने ऋणपत्र धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ तथा प्रचलित धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ सम्बन्धी व्यवस्था अनुसार ऋणपत्रको बाँडफाँट गरे पश्चात् नेपाल स्टक एक्सचेञ्ज लिमिटेड तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा प्रचिलित व्यवस्था अनुसार सूचीकरण तथा दर्ता गराई ऋणपत्रको खरीद तथा राफसाफको लागि आवश्यक व्यवस्था मिलाईनेछ ।

१६. आवेदन दिँदा ध्यान दिनुपर्ने कुराहरु:

व्यक्तिगत तवर (Private Placement) बाट बिक्री गरिने ऋणपत्र खरीद गर्न चाहने आवेदकहरुले पालना गर्नुपर्ने मुख्य कुराहरु :
१. कुनै पनि नेपाली नागरिक तथा संघ संस्थाले यस विवरणपत्र अनुसार जारी गरिने ऋणपत्र खरीद गर्न आवेदन दिन सक्नेछन् । आवेदकले आफूले लिन चाहेको ऋणपत्र, अधिकतम सिमा खुल्ने गरी यसै बैंकको निष्काशन तथा बिक्री प्रबन्धकलाई लिखित रुपमा निवेदन पेश गर्नुपर्ने छ ।
२. आवेदन दिँदा आफूले खरीद गर्न चाहेको ऋणपत्र संख्या र त्यसको रकम खुलाई आवेदन दिनुपर्नेछ ।
३. आवेदन फाराम नेपाली तथा अंग्रेजी दुबै भाषामा पेश गर्नुपर्नेछ ।
४. आवेदकले आवेदनसाथ आफूले खरीद गर्न चाहेको ऋणपत्र संख्याको प्रति ऋणपत्र अंकित मूल्य रु.१,०००/- को दरले हुन आउने रकम बराबरको नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेडको नाममा खिचिएको एकाउण्ट पेयी चेक संलग्न भएको हुनुपर्नेछ । यसरी चेक मार्फत रकम बुझाउनु हुने आवेदकहरुले आवेदनमा सो चेकको नम्बर र चेकको पछाडि आवेदकको नाम अनिवार्य रुपमा खुलाउनु पर्नेछ । यसको अलावा, निवेदकले श्री नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेडको नाममा A/C Transfer गरी Credit Advice निवेदनको साथमा संलग्न पनि गर्न सक्ने छ ।
५. कम्पनी वा संस्थाले ऋणपत्रको लागि आवेदन दिँदा कम्पनी वा संस्थाको दर्ता प्रमाणपत्रको प्रतिलिपि र लगानी गर्ने सम्बन्धमा संचालक समितिले निर्णय समावेश गरेको हुनुपर्नेछ ।
६. रु.५००,०००/- सम्मको लागि आवेदन दिने आवेदकले स्वेच्छिक रुपमा र सोभन्दा बढी रकमको लागि आवेदन दिने आवेदकले अनिवार्य रुपमा आवेदनमा आफ्नो स्थायी लेखा नम्बर (PAN) खुलाउनुपर्नेछ । यस अतिरिक्त रु. ५००,०००/- वा सोभन्दा बढी रकम आवेदन दिने आवेदकहरुले आफूले आवेदन दिँदा जम्मा गरेको रकम सम्पत्ति शुद्धीकरण ऐनको बर्खिलाप हुने गरी आर्जन नगरेको भनी उद्घोषण गर्नुपर्नेछ ।

सर्वसाधारण तर्फबाट आवेदन दिँदा पालना गर्नुपर्ने शर्त तथा बन्देजहरु :
१. कुनै पनि सर्वसाधारण नेपाली नागरिकका साथै नेपाली संघ संस्था वा कम्पनीले यस विवरणपत्र मार्फत जारी गरिने ऋणपत्र खरीदका लागि दरखास्त दिन सक्नेछन् ।
२. दरखास्त दिँदा नेपाल धितोपत्र बोर्डबाट इजाजतपत्र प्राप्त सि-आस्वा (C-ASBA) सदस्य बैंक तथा वित्तीय संस्था मार्फत आवेदन फाराम बुझाउनु पर्नेछ र सोही संस्थाबाट उपलब्ध गराईने आवेदन फाराममा उल्लेखित सम्पूर्ण विवरणहरु स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ । सो सम्बन्धी अन्य प्रकृया तथा शुल्क सम्बन्धी व्यवस्था सम्बन्धित सि-आस्वा (C-ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाले आफ्नो कार्यालयको सूचनापाटी, वेबसाइट वा राष्ट्रिय स्तरको दैनिक पत्रपत्रिकामा प्रकाशित गरी तोके बमोजिम हुनेछ ।
३. आवेदकले आवेदन दिँदा सि-आस्वा (C-ASBA) सदस्य बैंक तथा वित्तीय संस्थामा रहेको आवेदन वापतको रकम रोक्का राखिने खाता अन्य कुनै प्रकारले रोक्का रहेको वा निष्कृय रहेको हुनु हुँदैन ।
४. एक व्यक्तिले आफूले खरीद गर्न चाहेको ऋणपत्रको लागि एक भन्दा बढी दरखास्त दिन पाउने छैन । यदि एक व्यक्तिको नाममा एक भन्दा बढी दरखास्त प्राप्त हुन आएमा सम्पूर्ण दरखास्तलाई रद्ध गरिनेछ ।
५. रितपूर्वक प्राप्त नभएको आवेदनलाई ऋणपत्र बाँडफाँटमा समावेश गरिने छैन र सो को जिम्मेवार आवेदक/सम्बन्धित सि-आस्वा (C-ASBA) सदस्य बैंक तथा वित्तीय संस्था स्वयं हुनेछ ।
६. ऋणपत्र खरीदका लागि दरखास्त दिँदाको अवस्थामा वा दरखास्त दिई सकेपछि बिक्री गरिएको ऋणपत्र वापतको रकम भुक्तानी नहुँदै प्रचलित कानून बमोजिम अधिकार प्राप्त अधिकारी वा निकायबाट लगानीकर्ताको खाता रोक्का राख्ने आदेश प्राप्त भएमा निष्काशन तथा बिक्री प्रबन्धकले त्यस्तो आवेदन फारामलाई रद्द गरी सो को जानकारी सम्बन्धित सि-आस्वा (C-ASBA) सदस्य बैंक तथा वित्तीय संस्थालाई गराउनेछ ।
७. रु.५,००,०००/- सम्मको लागि आवेदन दिने आवेदकले स्वेच्छिक रुपमा र सोभन्दा बढी रकमको लागि आवेदन दिने आवेदकले अनिवार्य रुपमा आवेदनमा आफ्नो स्थायी लेखा नम्बर (PAN) खुलाउनुपर्नेछ । यस अतिरिक्त रु.५,००,०००/- वा सोभन्दा बढी रकम आवेदन दिने आवेदकहरुले आफूले आवेदन दिँदा जम्मा गरेको रकम सम्पत्ति शुद्धीकरण ऐनको बर्खिलाप हुने गरी आर्जन नगरेको भनी उद्घोषण गर्नुपर्नेछ ।

१७. विवरणपत्र पाइने तथा दरखास्त फाराम प्राप्त गर्ने र बुझाउने स्थानहरु

ऋणपत्र खरिदका लागि दरखास्त पाइने, रकम जम्मा गर्ने र आवेदन बुझाउने स्थानहरुका साथै ऋणपत्र खरिदका लागि तयार गरिएको "ऋणपत्र निष्काशन सम्बन्धी विवरणपत्र" प्राप्त गर्न वा हेर्न सकिने स्थानहरु:

क्र.सं	विवरणपत्र हेर्न तथा प्राप्त गर्न सकिने स्थानको नाम र ठेगाना
१.	नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड, नक्साल, काठमाण्डौं र वेबसाइट: www.nabilinvest.com.np सम्पर्क नं. ०१-४५११६०४
२.	नेपाल एसबिआई बैंक लिमिटेड, का.म.न.पा. २८ कमलादी र वेबसाइट: nsbl.statebank सम्पर्क नं. ०१-५९७०३३३
३.	नेपाल धितोपत्र बोर्डको वेबसाइट: www.sebon.gov.np स सम्पर्क नं. ०१-५२५४०५७
क्र.सं	**दरखास्त फाराम प्राप्त गर्ने र बुझाउने स्थान**
१.	नेपाल धितोपत्र बोर्डबाट इजाजतपत्र प्राप्त सि-आस्वा (C-ASBA) सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाहरु तथा तिनका तोकिएका शाखा कार्यालयहरु तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट निर्माण गरिएको सफ्टवेयर **"मेरो शेयर"** अनलाइन प्रयोग गरी सि-आस्वा (C-ASBA) प्रणाली मार्फत आवेदन दिन सकिनेछ ।
२.	व्यक्तिगत तवर (Private Placement) बाट बिक्री गरिने हकमा निष्काशन तथा बिक्री प्रबन्धकले बैंकसँगको सहमतिमा खरीदकर्ताहरु खोजी गरी आपसी सहमतिमा वितरण गरिनेछ ।

१८. धितोपत्र बिक्री खुल्ला अवधि:

यस विवरणपत्रद्वारा सार्वजनिक निष्काशन मार्फत सर्वसाधारणहरुमा जारी गरिने ऋणपत्रहरुको लागि आवेदन दिने अवधि बिक्री खुल्ला भएको मितिबाट कम्तिमा ४ कार्य दिन र बढीमा १५ दिन सम्म खुल्ला रहने छ । निष्काशित सम्पूर्ण ऋणपत्रका लागि ४ (चार) कार्य दिन सम्ममा सर्वसाधारण नेपाली नागरिकबाट आवेदन प्राप्त नभएको खण्डमा मात्र नेपाली संघसंस्था वा कम्पनीले आवेदन दिन पाउनेछ । व्यक्तिगत तवर (Private Placement) बाट बिक्री गरिने हकमा नेपाल धितोपत्र बोर्डबाट स्वीकृति पश्चात् खुल्ला हुनेछ र सार्वजनिक निष्काशनसँगै बन्द हुनेछ ।

१९. निष्काशन बैंक (Bankers to the Issue):

यस विवरणपत्र मार्फत् निष्काशित ऋणपत्रहरुको लागि निष्काशन बैंक (Banker to the Issue) को रुपमा देहायको बैंकलाई नियुक्त गरिएको छ ।

क्र.स.	नाम, ठेगाना	खाताको नाम	खाता नम्बर
१	नेपाल एसबिआई बैंक लिमिटेड, दरबारमार्ग शाखा	BTI-NABIL INVESTMENT BANKING LIMITED-NEPAL SBI DEBENTURE 2090	१७७३५२४०१००१७२

२०. गुनासो सुन्ने र समाधान गर्ने प्रकृया:

यस सार्वजनिक निष्काशन सम्बन्धमा लगानीकर्ताहरुको गुनासो सुन्न र सो को समाधानको लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको कार्यालय नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड, नारायणचौर, नक्साल, काठमाण्डौंमा एक विशेष कक्षको व्यवस्था गरिएको छ । गुनासो सुन्ने अधिकारीको रुपमा नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेडका श्री रुपेश कार्की (सम्पर्क नं.०१-४५११६०४,एक्स.न. १५१) लाई तोकिएको छ ।

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक:

NABIL INVESTMENT BANKING LTD.
(A Subsidiary of Nabil Bank Ltd.)
नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड

नारायणचौर, नक्साल, काठमाण्डौ
फोनः ४५११६०४/४५११७३३, फ्याक्सः ४५१०५५४
Email: info@nabilinvest.com.np | URL: www.nabilinvest.com.np